**पाँचौ गाउँसभामा मरिण गाउँपालिका उपाध्यक्ष श्री संगिता माझी बाट प्रस्तुत गरिएको आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य :-**

मरिण गाउँपलिकाको पाँचौ गाउँसभाका सभाअध्यक्ष ज्यु, राजनैतिक दलका अध्यक्ष तथा प्रतिनिधि ज्यु, वडा अध्यक्ष ज्यु, संघसंस्थाका प्रतिनिधि ज्यु, संचार माध्यमका प्रतिनिधि ज्यु, गाँउ सभाका सदस्यज्युहरु , राष्ट्रसेवक कर्मचारी ज्यु हरु, र उपस्थित बुबा आमा दिदि बहिनी तथा दाजु भाई सबैमा नमस्कार तथा अभिवादन ।

१. मरिण गाउँपालिकाको उपाध्यक्षको हैसियतले आज यस सम्मानीत गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुत गर्नु पाउँदा मैले अत्यन्तै गौरवान्वित महशुस गरेको छु । यस अवसरमा राजनितिक परिवर्तनको लागी जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिद हरुप्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै संघर्षको क्रममा घाइते हुनु भएका र बेपत्ता पारिएका नागरिकहरुप्रती सम्मान व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, लोकतन्त्र, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धिको लागी संघर्ष गर्नुहुने महान नेपाली नागरिक र त्यसको सबल नेतृत्व गर्नुहुने नेपाली राजनितिका शिखर व्यक्तित्वप्रती हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणाली अनुरुप तिनै तहको निर्वाचन सम्पन्न भई लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएकोछ । स्थानीय निर्वाचन पश्चात नया शासन प्रणालीको अभ्यासको क्रममा मरिण सरकारले २ वर्षे कार्यकाल पनि पुरा गरेको छ । यस क्रममा हामिलाई प्राप्त भएको यस महान उपलब्धीको जगेर्ना तथा मरिणवासी द्वारा हामीलाई सुम्पिएको विश्वासको कदर गर्दै राज्यको श्रोत र सामर्थ्यको सदुपयोग गरी मरिण गाउँपालिकाको विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठुलो प्रेरणा मिलेकोछ ।

**३. घर- घरमा सिंहदरबार , बस्ति बस्तिमा मरिण सरकार** को नारा अनुरुपको स्थानिय सरकारको आभाष मरिणवासीमा गराउनको लागी सामाजिक आर्थिक विकासको ढाँचामा मरिण सरकार बढिरहेको छ । यसको प्रस्थान बिन्दुको रुपमा सबल भौतिक पुर्वाधार, गुणस्तरिय शिक्षाको उपलब्धता, कृषिमा व्यवसायिकरण, आधारभुत स्वास्थ्य

उपचारमा पहुच, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यन्तै अत्यावश्यक सेवाहरुको परिपुर्तिलाई लिइएको छु ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४, विनियोजन विधेयक २०७६ को सिद्धान्त र प्रथमिकता, बजेट तर्जुमा दिग्दर्शन २०७४, मरिण गाउँपालिकाको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य, सदस्यज्यु हरुबाट आएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिइएको छु । विभीन्न राजनितिक दल, संघ, संस्था , विद्वत वर्ग र आम मरिण वासी महानुभावहरु द्वारा प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएकोछु ।

**सम्मानीत गाउँसभाका अध्यक्ष ज्यु ।**

५. अब म आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेकोछु :-

**क)** मरिण गाउँपालिकाका पुर्वाधारहरुको विकास गर्दै सबल तथा दिगो आर्थिक विकासको आधार निर्माण गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने ।

**ख)** कृषिको व्यावसायिकरण गर्दै खाद्यान्न तथा पशु जन्य पदार्ध उत्पादनमा आत्मनिर्भर स्थानिय बजारको निर्माण गर्ने ।

**ग)** शैक्षिक उन्नयन तथा समावेशी विकासबाट सामाजिक पुर्वाधारहरुको सुदृढिकरण गरी सामाजिक क्षमतालाई संस्थागत गर्ने ।

**घ)** आधारभुत स्वास्थ्य, शिक्षा, श्रोत तथा अवसरमा सबैको पहुँच स्थापित गर्दै सामाजिक न्यायको अनुभुती गराउने ।

६. आर्थिक वर्ष २०७६/७७ को बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेकोछु :-

**क)** गुणस्तरीय शिक्षामा सबैको पहुँच ।

**ख)** कृषिमा व्यावसायिकरण तथा पशुजन्य वस्तुहरुमा आत्मनिर्भरता ।

**ग)** आधारभुत स्वास्थ्य सेवाको सुदृढीकरण ।

**घ)** पर्यटन पुर्वाधारहरुको विकास र प्रवर्धन ।

**ङ)** सबल भौतिक पुर्वाधारहरुको निर्माण ।

**च)** सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि र सुशासनको अनुभुती ।

**छ)** वन , वातावरण तथा जलाधार संरक्षण ।

**सम्मानीत गाउँसभाका अध्यक्ष ज्यु ,**

७. **अब** म यिनै उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको वित्तिय व्यवस्थापन तथा बजेट विवरण प्रस्तुत गर्दछु :-

आर्थिक वर्ष २०७६\७७ मा मरिण गाउँपालिकालाई वित्तिय हस्तान्तरण बापत प्राप्त हुने आयमा संघबाट वित्तिय समानिकरण तर्फ प्राप्त हुने जम्मा नौ करोड उनान्सय लाख , सशर्त अनुदान तर्फ प्राप्त हुने तेन्ह करोड बयालिस लाख

त्यस्तै प्रदेशबाट वित्तिय समानिकरण तर्फ प्राप्त हुने एक करोड एक लाख सत्तरी हजार, सशर्त तर्फ रु एक करोड पचास लाख प्राप्त हुनेछ ।

राजश्व बाँडफाँड तर्फ संघबाट प्राप्त हुने रु आठ करोड पचास लाख

प्रदेशबाट सवारी साधन कर तथा मालपोत रजिष्ट्रेशन तर्फ प्राप्त हुने रु एक करोड एकासी लाख तीस हजार प्राप्त हुने छ ।

साथै गाउँपालिकाको आन्तरीक आय तर्फ रु एक करोड तीस लाख संकलन गरिने लक्ष्य लिईएको छ । र आर्थिक वर्ष २०७५\७६ बाट अल्या भई आउने रकम समेतको गणना गरेर आगामी आ. व. २०७६\७७ को लागी यस मरिण गाँउपालिकाको कुल आय रु उनान्चालिस करोड उनासी लाखको बजेट सीमा निर्धारण गरिएको छ ।

बजेट विवरण :-

आ. व. २०७६\७७ मा चालु तर्फको बजेटको लागी रु छ करोडको सीमा निर्धारण गरिएको छ ।

बजेटको विषयगत सीमा यस प्रकार निर्धारण गरिएको छ :-

१. मरिण गाउँपालिकाका गौरवको आयोजना संचालन गर्नका लागी **रु छ करोड बीस लाख रुपया** बिनियोजन गरिएको छ ।

२. मरिण गाउँपालिकालाई आवश्यक पर्ने कोषहरुको व्यवस्थापनको लागी **रु एक करोड पैत्तालिस लाख** विनियोजन गरिएको छ ।

३. आर्थिक विकास तर्फ कृषि, पशुविकास, पर्यटन , सहकारी क्षेत्रको विकासको लागी **रु तिन करोड सड्चालिस लाख** विनियोजन गरिएको छ ।

४. सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, समावेशिकरणको क्षेत्र तर्फ जम्मा **रु चार करोड पन्द्रह लाख** विनियोजन गरिएको छ ।

५. मरिण गाउँपालिकाको पुर्वाधार विकास तर्फ **रु दुइ करोड पचास लाख** विनियोजन गरिएको छ ।

६. त्यसै गरि वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास तर्फ जम्मा **रु एक करोड छ लाख पचास हजार** विनियोजन गरिएको छ ।

८) अब म आगामी आर्थिक वर्षमा गाउँपालिका बाट प्राथमिकतामा परेका विषयगत कार्यक्रमहरुको विवरण प्रस्तुत गर्दछु

आगामी आ. व. शिक्षाको गुणस्तर सुधारको लागी **विद्यालय विकास नीधि** कार्यक्रम अन्तर्गत विद्यालय भौतिक सुधार, शैक्षिक गुणस्तर सुधार, बाल विकास केन्द्र व्यवस्थापन, शिक्षक तालिम, विद्यालय व्यवस्थपानलाई प्राथमिकतामा राखी शिक्षा तर्फ दुई करोड भन्दा बढि रकम विनियोजन गरिएको छ ।

९) आगामी आ. व. मा आधारभुत स्वास्थ्यमा सबैको समान पहँच तथा गुणस्तर स्वास्थ्य सेवा प्रवाहको लागी **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र भौतिक व्यवस्थापन, बर्थिङ सेन्टर भौतिक व्यवस्थापन, स्वास्थ्य चौकीहरुको व्यवस्थापन ,ऐन द्वारा निशुल्क गरिएका औषधिहरुमा सबैको सहज पहुँच र आयुर्वेद औषोधालयको सुदृढीकरण जस्ता कार्यक्रम मार्फत गुणस्तर स्वास्थ्य सेवा प्रवाहको लागि एक करोड विनियोजन गरिएको छ ।

सम्मानित गाउँसभाका अध्यक्ष ज्यु

१०. आगामी आर्थिक वर्षको लागी विनियोजित बजेट गाउँपालिकाले अवलम्बन गरेका नीति तथा कार्यक्रम अन्तर्गत रहेर सहभागितामुलक योजना तर्जुमा पद्धति बमोजिम निर्माण गरिएको छ । आगामी आ. व. को लागी गाउँपालिकाले तय गरेको नीति अनुरुप योजनाहरुको सञ्चालन द्वारा गाउँपालिकाले तय गरेका लक्ष्यहरु अवश्यनै प्राप्त गर्न सकिने विश्वास लिइएको छु ।

११. मलाई विश्वास छ बस्ती बस्तीबाट संकलन भई आएका योजनाहरुको प्रभावकारी कार्यान्वयन बाट आम मरिण वासीले केही वर्ष भित्र परिवर्तनको अनुभव गर्नु हुनेछ । नेपालको संविधानमा उल्लेखित सामाजिक न्याय तथा समतामुलक समाजको निर्माण तर्फ तेस्रो प्रयास स्वरुप मरिण गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुत गरिएको छ म आशावादी छु आमजनताको जीवनमा यसले आमुल परिवर्तन को शुरुवात गर्ने छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले प्रतिपादन गरेको समाजवाद प्रती प्रतिबद्ध राज्य निर्माण तर्फ हाम्रो सानो प्रयासले पक्कै पनी ठुलो टेवा पुग्ने छ ।

१२. प्रस्तुत बजेट तथा योजना तर्जुमामा सहयोग गरी आजको अवस्था सम्म ल्याउन सहयोग गर्नु हुने सम्पुर्ण कार्यपालिका सदस्य ज्यु, वडा अध्यक्ष ज्यु, वडा सदस्य ज्युहरु, विषयगत समिति हरु, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, अहोरात्र खट्ने राष्ट्रसेवक कर्मचारी, राजनितिक दलका प्रतिनिधिहरु, नागरिक समाज, बुद्धिजिवि वर्ग, पत्रकार, सरकारी तथा गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पुर्ण मरिणवासी जनता साथै दैश विदेशमा रहनु हुने नेपाली आमा बुबा, दिदि बहिनि , दाजु भाई हरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१३. अन्त्यमा मरिण गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने मरिण गाउँपालिका नागरिक , करदाता, विकास साझेदार, सरकारी , गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रती हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग तथा समन्वयको अपेक्षा गरेको छु ।

१४. राज्यले सुम्पेको जिम्मेवारी, मरिण वासी प्रतिको जवाफदेहिता तथा संविधान कार्यान्वयनको यस महत्वपुर्ण क्षणमा निश्चयनै हामि सामु ठुला चुनौतिहरु छन । भनिन्छ लामो र महान यात्राको शुरुवात एक पाईला बाट नै हुन्छ , हाम्रो त तेश्रो पाईला अघि बढिसकेको छ । हामी सबै मिली चुनौतिहरुको सामना गर्दै मरिण गाउँपलिकाले लिइएको लक्ष्यहरुको प्राप्तिको लागी प्रतिबद्ध, कटिबद्ध र एकिकृत बनौ । मरिणको उज्वल भविष्य निर्माणको जुन अभिभारा हामी माथि छ त्यसलाई सफल बनाएर ईतिहासले हामिलाई सुम्पेको दायित्वलाई आत्मसात गरौ ।

धन्यवाद ..........